# सेनाद्वारा मोरङमा गरिएको हत्या सम्बन्धी स्थलगत अध्ययन प्रतिवेदन, ०६३

प्रतिवेदन सार्वजनिक भएको मिति
०६३ बैशाख २० गते, काठमाडौं

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति
सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

# स्थलगत अध्ययनमा संलग्न टोलीको नामावली

१) सोमराज थापा – इन्सेक, पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर

२) बाबुराम विश्वकर्मा – इन्सेक, मध्यमाञ्चल क्षेत्रीय कार्यालय

३) गोपाल श्रेष्ठ – हिमराइटस् , काठमाडौं

४) वीन्दा मगर – महिला, विकास तथा कानुन मञ्च

५) शंकर निरौला – अधिवक्ता

६) हेमन्तराज न्यौपाने – नेपाल बार एसोसिएसन, विराटनगर

**घटना भएको मिति** : ०६३ बैशाख १२ र १३ गते

**अध्ययन गरिएको** :yfgM मोरङको बेलबारी

**अध्ययन गरिएको अवधि** : ०६३ बैशाख १६ गतेदेखि बैशाख १८ गतेसम्म

# प्राक्कथन

बेलबारी गाविस-३ मा डेरा गरी बस्ने २२ वर्षीय सपना गुरूङको बैशाख १२ गते भएको हत्या र सो हत्यामा संलग्न बेलबारी संयुक्त सुरक्षा बेसक्याम्पका विरूद्ध उत्रिएको जनसमुदायमाथि बैशाख १३ गते सेनाले अन्धाधुन्ध गोली प्रहार गर्दा ६ जना मारिए र ३५ जनाभन्दा बढी घाइते भए । यस घटनामा सपना गुरूङको हत्या सम्बन्धमा सेना र स्थानीय प्रशासनका तर्फबाट गस्तीमा रहेको सुरक्षा टोलीलाई शंका लागी गोली प्रहार गर्दा निर्दोष परेको धारणा सार्वजनिक भएको छ र यो धारणा राज्यको प्रशासन र सुरक्षा अंगमा रहेका अधिकारीले दोहोऱ्याई रहेका छन ।

सपना गुरूङको हत्याको विरोधमा उत्रिएको स्थानीय जनसमूहमा माओवादी भएकोले  आफ्नो बचाउका लागि गोली प्रहार गर्दा  बेलाबारी घटना भएको  सुरक्षा निकायको दावी छ । तर, यो दाबीलाई सेनाको गोली लागेर घाइते भएका र मारिएका मानिसको पहिचानले नै खण्डन गरेको छ । सेनाको गोली लागेर घाइते भएका र मारिएकामध्ये एकजना पनि माओवादी कार्यकर्ता भएको  खुलेको छैन । सबै सर्वसधारण रहेका छन ।

बेलबारी काण्डमा निर्दोष नागरिकहरू हताहत भएको र ठूलो संख्यामा घाइते भएको परिप्रेक्ष्यमा मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको स्थलगत अध्ययन टोलीले घटना भएको स्थलको प्रत्यक्ष अध्ययन गरी घटनामा प्रत्यक्ष तथा परोक्ष रूपमा सम्बन्धित विभिन्न पक्ष तथा सरोकारवालासँग भेट गर्दै उपलब्ध प्रमाणहरू संकलन गरी यो प्रतिवेदन सार्वजनिक गरिएको छ । प्रतिवेदनले घटनाका जिम्मेवार र दोषीलाई प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनका आधारमा दण्डित गरिनु पर्ने र पीडितलाई न्यायको प्रत्याभूति दिलाउनु पर्नेमा जोड दिएको छ ।

सुरक्षा निकायबाट बढ्दो रूपमा भइरहेको मानवअधिकार उल्लंघनले एकपछि अर्को मानवअधिकार उल्लंघनलाई ओझेलमा पारिरहेको छ । निश्चय नै यो सम्पूर्ण मानवता र मानवअधिकारका पक्षधरका लागि गम्भीर चिन्ता र चासोको विषय हो । यस चिन्ताको समाप्तिका लागि मानवअधिकारको उल्लंघनलाई रोक्न र उल्लंघनकर्तालाई दण्डित गर्न र पीडितलाई  न्यायको प्रत्याभूति दिलाउन सबै क्षेत्रबाट निष्पक्ष, इमान्दार र सक्रिय पहल गर्नु पर्ने जरूरी छ । यसतर्फ सबैको ध्यान जानु पर्ने अध्ययन टोलीको ठहर हो ।

मानवअधिकार सन्धि अनुगमन समवन्य समितिको यो स्थलगत अध्ययनलाई प्रमाण संकलन गर्न सहयोग पुऱ्याउने बेलबारीका सम्पूर्ण पीडित, घाइते, प्रत्यक्षदर्शी, नागरिक समाज, स्थानीय मानवअधिकारकर्मी, सुरक्षा निकाय र प्रशासनका अधिकारीप्रति हार्दिक आभार प्रकट गर्दछौ ।

# सारांश

मोरङ्ग जिल्लाको बेलबारी गाविस-३ निवासी २२ वर्षीय सपना गुरूङ्गलाई २०६३ बैशाख १२ गते राती ९:३० बजे बेलवारीस्थित संयुक्त सुरक्षा बेसक्याम्पका सहसेनानी प्रल्लाद थापा मगरको नेतृत्वमा रहेका ३ जना सैनिक जवानले  जर्वजस्ती कब्जामा लिए । आफ्नी सात वर्षीय छोरी निर्मलासँग रहेकी सपनालाई सेनाले  बलात्कारको नियतले कब्जामा लिएर उनी बसेको डेराबाट करिब दुई सय मिटर पश्चिमतर्फ लोहन्द्रा खोला नजिक पुऱ्याएर हत्या गरेको स्थानीय बासिन्दा, पीडित परिवार, नागरिक समाज र घटनास्थलको प्रकृतिबाट देखिन्छ ।

सपनालाई कब्जामा लिएपछि जमिनमा सुताएर बलात्कार गरेको र त्यसपछि गोली हानी हत्या गरिएको पीडित परिवारले बताएको छ । घटनास्थलमा सपनाको एउटा चप्पल, फुटेको चुरा, पानीको रित्तो लोटा भेटिएको थियो । उनलाई बलात्कार गरिएको भनिएको स्थानमा जमिन र दुबो माडिएको र छातीमा गोलीले छेडेको छ । यद्यपी यसबारेमा मेडिकल प्रतिवेदन आइसकेको छैन । रोनास्टले यस बारेमा परीक्षण गरिरहेको जनाइएको छ ।  सेनाको इटहरी पृतना कार्यालय र सहायक रथी पवन पाण्डेको सेनाका छानविन टोलीले सपनालाई बलात्कार गरिएको भन्ने आशंका अस्वीकार गरेको छ ।

कब्जामा लिएर बलात्कार गरेपछि पोल खुल्ने डरले गर्दा तथा प्रमाण नस्ट गर्नका लागि उनको हत्या गरिएको जिल्लास्थित नागरिक समाजका प्रतिनिधिले ठहर गरेका छन् । घटनापछि पीडितलाई राति करिब ११ बजे नै धरानस्थित वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिए पनि परिवारका सदस्यहरूलाई भेट्न दिइएन । पोष्मार्टमपछि लास परिवारलाई जिम्मा लगाइयो ।

सपना गुरूङ्गको हत्याको विरोधमा उत्रिएका बेलबारीका बासिन्दाहरूमाथि सहसेनानी प्रल्लाद थापाको नेतृत्व रहेको सेनाको टोलीले ०६३ बैशाख १३ अपरान्ह ३: बजे अन्धाधुन्दा गोली चलाउँदा ६ जना सर्वसाधारण हत्या भयो । संयुक्त सुरक्षा बेसक्याम्पका सेनाको गोलीबाट ३४ जना गम्भीर घाइते भए । घाइतेलाई तत्कालै स्थानीयबासी र मानवअधिकारकर्मीको पहलमा उपचारार्थ धरानस्थित वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगियो ।

सपना गुरूङ्गको हत्याको आक्रोशमा कही उत्तेजित देखिएको जनसमूहलाई नियन्त्रण गर्नका लागि मोरङ्गको प्रशासन र प्रहरीले गोली हान्नुअघि सुरक्षाका कुनै पनि वैकल्पिक उपचार अपनाएको देखिएन । स्थानीय मानवअधिकारकर्मीका अनुसार भीड नियन्त्रणका लागि प्रहरी बलको प्रयोगबाट लाठी चार्ज, अश्रुग्याँस, हवाई फायर एवं रबरको गोली आदिको प्रयोग गर्ने अवस्था भए पनि अन्धाधुन्दा गोली प्रहार गरिएबाट घटनामा सेनाका अतिरिक्त जिल्ला प्रशासन कार्यालयका प्रमुख नरेन्द्र दाहाल र प्रहरी उपरीक्षक जगतबहादुर विष्टको समेत गम्भीर त्रुटी देखिन्छ । सो घटना हुनुअघि इन्सेक पूर्वाञ्चल क्षेत्रीय कार्यालयका संयोजक सोम थापा घटनास्थल पुग्नु भएको थियो । उहाँका अनुसार जनसमूहमाथि गोली प्रहार गर्नुअघि भीड नियन्त्रणका लागि अरू उपाए अपनाउन सकिने स्थिति रहेको थियो ।

सेनाले अन्धाधुन्द गोली फायर गर्न थालेपछि दौडादौड गरिरहेको जनसमूहमाथि सुरक्षा बेसक्याम्पको पश्चिममा रहेको राष्ट्रिय वाणिज्य बैंकको छतमा रहेका सेनाले ताकी ताकी गोली हानेका थिए । मृतक र घाइतेहरूमध्ये अधिकांशको पाता, ढाड, चाक, पिडुँला, घाँटी, टाउको र खुट्टामा गोली लागेको छ । भागिरहेको अवस्थामा निरन्तर गोली हानिएका कारण धेरैलाई क्षति भएको देखिन्छ ।

बेलबारी गोली काण्डपछि तत्कालीन सहसेनानी प्रल्लाद थापालाई निलम्बन गर्दै केही सेनालाई बेलबारीबाट अन्यत्र सारिएको छ भने केही त्यहीं कार्यरत रहेका छन् । प्रहरीको पुरानै टोली त्यहीं कार्यरत छ । बेलबारी घटनाको छानविनका लागि बैशाख १४ गते सेनाका २ नम्बर बाहिनी हिलेका बाहिनीपति सहायकरथी पवन पाण्डेको संयोजकत्वमा चार सदस्यीय छानविन टोली गठन भएको छ । सो टोलीले मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको यो अध्ययन टोलीसँग प्रतिवेदन छिट्टै सार्वजनिक गर्ने बतायो । हाल सो टोलीले अध्ययन गरिरहेको र सेनाले मृतकका परिवारलाई राहत स्वरूप ५० हजार लिन आग्रह गरिरहेको छ । यसअघि जिल्ला प्रशासन कार्यालय मोरङले सो घटनामा मारिएका सात जनालाई किरिया खर्च बापत १० हजारको दरले रकम उपलब्ध गराएको जनाएको छ ।

**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**
**सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
**२०६३ वैशाख २० गते, काठमाडौं**

# EXECUTIVE SUMMARY

Sapana Gurung, 22, of Belbari VDC-3, Morang District, was forcefully captured by three army men under the leadership of Captain Prahlad Thapa of Unified Security Base Camp, Belbari, on April 26 at 9:30 pm.

Considering observation of the spot, statement of locals, victim's family and civil society representatives it is revealed that Sapana was forcefully captured and taken about 200 meters west towards Lohandra River from her rented house and raped by army personnel. According to the victim's family, Sapana was laid on the ground, raped and then shot dead. On the spot, Sapana's one slipper, broken bangles and empty water pot were found. Grasses and the soil on the ground have been mutilated and the bullet fired at her chest had pierced to the back.

Civil society representatives stated that she should have been killed with the fear of being prosecuted or to hide the fact and to destroy the proofs after rape. Although, Itahari Division of RNA has denied the rape of Sapana and the investigation is yet to complete. Victim was taken to B.P. Koirala Institute of Medical Sciences, Dharan, at 11 pm. But her family members were not allowed to meet her. The corpse was handed over to the victim's family after post-mortem.

In the indiscriminate firing by army team under Captain Prahlad Thapa, 6 persons were killed on April 14 at 3 pm when the residents of Belbari protested against the killing of Sapana Gurung. A total of 34 persons were shot injured by army from Unified Security Base Camp, Belbari. Those injured were taken to B.P. Koirala Institute of Medical Sciences, Dharan immediately in the initiation of local residents and human rights activists.

It was observed that no any alternative way was devised to control the excited crowd protesting against the killing of Sapana Gurung before shooting by the administration of Morang and security forces. According to local human rights activists, it was observed that without using the options of baton charge, tear gas, blank fires and rubber bullets to control the crowd the security forces opened fire indiscriminately. Therefore, CDO Narendra Dahal and SP Jagat Bahadur Bista also should be held responsible for the act.

Army on the roof of Rastriya Banijya Bank located west of the security base camp opened fire at the crowd rushing after indiscriminate firing by the army from the other side. Most of the deceased and injured have been shot at the back, buttock, neck, head and legs. It is observed that there has been such human casualty due to firing on stampeding civilians.

After the incident, Captain Prahlad Thapa has been suspended whereas some soldiers have been transferred to other locations and some of them are still in the camp. To investigate on the Belbari incidents, a four member probe committee has been formed on April 27 in the coordination of Brigadier General Pawan Pandey of the army.

At present that probe committee has been investigating and the army has been asking families of the deceased to take 50 thousands as initial relief. Earlier, District Administration Office has provided Rs.10 thousand each to seven families of the deceased for the last rites. But, two of the families have denied taking the amount.

**Human Rights Treaty Monitoring Coordination Committee (HRTMCC)**

Secretariat INSEC, 3 May 2006

# घटनाको विस्तृत बिवरण

मोरङ जिल्लाको बेलबारी गाविस-३ मा डेरा गरी बस्दै आएकी मोरङको केराबारी गाविस-९ स्थायी घर भएकी २२ वर्षीय सपना गुरूङ ०६३ बैशाख १२ गते राति रूमाल बुन्दै थिइन । उनलाई रूमाल बुनिरहेको अवस्थामा एक घण्टापछि नै सेनाको गोलीबाट मारिनु पर्ला भन्ने थाहा थिएन । विगत चार वर्षदेखि सपनाका पति २७ वर्षीय ज्ञानबहादुर गुरूङ बैदेशिक रोजगारीका लागि मलेशिया गएका कारण ३ वर्षीय छोरा दीपक र ७ वर्षीय छोरी निर्मलाकासाथ उनी सानो व्यापार गरेर बेलवारी-३ स्थित लोहन्द्रा खोला नजिकको एउटा घरमा डेरा लिएर बस्दै आएकी थिइन । छोरी निर्मलासँग रहेको बेला वैशाख १२ गते राति ९ बजे बेलवारीस्थित संयुक्त सुरक्षा बेसक्याम्पका सहसेनानी प्रल्हाद थापा मगरको नेतृत्वमा रहेको सैनिक टोली घटनास्थल नजिक रहेको स्थानीयबासीको भनाई छ ।

सपनाकी छोरी ७ वर्षीय निर्मलाका अनुसार त्यस दिन राति ३ जना सेना सपनाको डेरामा गएर उनलाई कब्जामा लिए । 'तीन जना आर्मी अंकल राति आउनु भयो । आमाको रूमाले मुख थुनेर घिर्सादै लानु भयो । त्यसपछि के भो थाहा छैन ।' आमाको हत्यापछि टुहुरो भएकी निर्मलाले घटनास्थलमा पुग्ने सबैलाई यही जवाफ दिने गरेकी छन् । र, मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको स्थलगत अध्ययन टोलीलाई पनि यही कुरा निर्मलाले दोहोऱ्याइन् ।

सेनाले सपनालाई कब्जामा लिएर हत्या गरिएको स्थल मृतकको डेराबाट करिब दुईसय मिटरको दुरीमा पर्दछ । घटनास्थलमा भोलिपल्ट सपनाले लगाउने गरेको एउटा चप्पल, धातुको फुटेको चुरा, रगतका टाटा र रित्तो पानीको लोटा भेटिएको घटनास्थलका प्रत्यक्षदर्शीको कथन छ । स्थानीय प्रत्यक्षदर्शी, पीडितकी आमा, घटनास्थल र लासको प्रकृति अनुसार सेनाले सपनालाई कब्जामा लिएको, त्यसपछि सामूहिक बलात्कारको गरेको र अन्तिममा प्रमाण नष्ट गर्न उनको हत्या गरेको जनाइएको छ । राति ९.३० बजे घटनास्थलमा एउटा गोली चलेको स्थानीय बासिन्दाले सुनेका थिए । त्यही गोलीले सपनाको प्राण लिएको हो ।

मृतकको दाँया स्तनमा गोली लागेको र घटनास्थलमा गोलीको खोकासमेत भेटिएको, घटनास्थल वरपर झार तथा दुबो माडिएको र स्थानीय बासिन्दाको कथनबाट स्पष्ट भयो । मृतक सपनालाई सेनाले सामूहिक बलात्कारपछि गोली हानेको सबैको अनुमान रहेको छ । यद्यपी यस बारे मेडिकल प्रतिवेदन सार्वजनिक गरिएको छैन । र सेनाको इटहरी पृतनाले बलात्कारलाई अस्वीकार गरेको छ र सुरक्षा गस्तीका क्रममा उनको मृत्यु भएको जनाएको छ । गोली लागेकी सपनालाई घटनापछि सहसेनानी प्रल्हाद थापा, बेलबारी संयुक्त सुरक्षा बेसक्याम्पको बख्तरबन्द गाडीका चालक र अरू दुई जना सैनिकले राति १० बजे बेलबारी-३ स्थित बालकुमार राईको सामुदायिक स्वास्थ्य केन्द्रमा लगेका थिए । राईका अनुसार, त्यतिबेला सपना अचेत अवस्थामा रहेको र उनको ओठ निलो भएको थियो । 'कुर्ता सुरूवाल भिजेको, दाँया स्तनमा गोली लागेका कारण रातो सलले घाउ बाँधेको र रगतले शरीर भिजेको अवस्थामा यहाँ ल्याइएको थियो । मैले केही गर्न सक्दिन भनेपछि केहीबेरमै धरान लगियो ।' राईले मानवअधिकारकर्मीसँग भने ।

घटनापछि इलाका प्रहरी कार्यालय बेलबारीका प्रहरी सहायक निरीक्षक रामबहादुर तामाङले सपनाकी आमा शोभा गुरूङलाई घटनाका बारेमा जानकारी गराएका थिए । शोभालाई सुरक्षाकर्मीको सहायतामा राति नै धरान लगिए पनि छोरीलाई भेट्न भने दिइएन ।

**बैशाख १३ गतेको बेलबारी हत्याकाण्ड**

सपना गुरूङको सेनाबाट हत्या गरिएपछि त्यसको विरोधमा बैशाख १३ गते बिहानदेखि बेलबारी बजारमा केही मान्छे भेला भएर सपनाको मारिएको बारेमा कुराकानी गर्न थालेका थिए । भित्रै भित्रै भइरहेको विरोधको सानो स्वरले त्यसदिन मध्यान्हबाट भयानक रूप लियो । र अपरान्ह ३ बजेदेखि स्थानीय महिला र युवाहरूको अगुवाहीमा ठूलो समूहले सपना गुरूङमाथि भएको ज्यादतीको विरोधमा सुरक्षा बेसक्याम्प नजिक नाराबाजी गरेको थियो ।

नाराबाजी, कोणसभा गर्दै बेसक्याम्पतर्फ अघि बढेको स्थानीयवासीको समूहमा सहसेनानी प्रल्हाद थापा मगरको आदेशमा एकाएक सेनाले अन्धाधुन्ध गोली चलाएका कारण छ जना सर्वसाधारणको घटनास्थलैमा मृत्यु भयो भने ३४ जना घाइते भए ।

सेनाले करिब १५ मिनेट जथाभावी गोली चलाएपछि बेलबारी पुरै तनावग्रस्त बनेको थियो । धरानस्थित वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका अनुसार, सेनाको अन्धाधुन्ध गोलीबाट मारिनेमा मोरङ इन्द्रपुर-२ का खिने भनिने २४ वर्षीय छत्रबहादुर परियार, सोही गाविस-३ का २३ वर्षीय फूर्वा लामा,

बेलबारी-३ का बेचनलाल ऋषिदेवकी छोरी १५ वर्षीय सुनिता, मृगौलिया-८ का टेकनारायण चौधरी र बेलवारी-२ का प्रसाद गुरूङ रहेका छन् ।

सो घटनामा इन्द्रपुर-७ का दीपक दहाललाई पेटमा, बेलवारी-३ का १२ वर्षीय भुन्टे तामाङलाई देब्रे पातामा, बेलवारी-४ का गणेशप्रसाद दहाललाई दाहिने पिठ्यूँमा, सोही ठाउँका गोपाल गौतमलाई बाँया गालामा, डागीहाट-२ का किशेनदेव शर्मालाई घाँटीमा, बेलवारी-२ का कृतन राईलाई कम्मरमा, इन्द्रपुर-७ का रामु दनुवारलाई दाहिने कोखामा, सुन्दरपुर-४ का द्रोण श्रेष्ठलाई कम्मरमा, बेलबारी-९ का प्रकाश कोइरालालाई दुव्रे तीघ्रामा, बेलबारी-६ का बद्री आचार्यलाई छातीको देव्रेतिर, इन्द्रपुर-८ का तारा घिमिरेलाई चाक र घाँटीमा, सुन्दरपुर-१ का रणबहादुर श्रेष्ठलाई दाहिने तिघ्रामा, केरावारी-९ का सुभाष लिम्बूलाई देव्रे खुट्टामा, सोही स्थानका टंकबहादुर गुरूङलाई दुवै खुट्टामा, बेलवारी-२ का सन्तोष श्रेष्ठलाई दव्रे पातामा, सोही ठाँउका फिरोज खानलाई दाहिने तीघ्रामा, बेलबारी-२ का कीसन रोक्कालाई ढाडमा, इन्द्रपुर-६ का भरत विश्वकर्मालाई ढाडमा, सोही स्थानका टेकबहादुर गौतमलाई पनि ढाडमै, बेलवारी-१ का सन्तोष मगरलाई चाकमा गोली लागी घाइते भएको अस्पतालको रेकर्डबाट देखिएको छ ।

सो घटनामा परेका बेलबारी-४ का योगराज राईलाई ढाडमा, मृगौलिया-६ का बलराम रिजाललाई देब्रे हातमा, बेलबारी-३ की शान्ति लिम्बूलाई ढाडमा, बेलबारी-४ का यामकुमार दाहाललाई ढाडमा, केराबारी-९ का गोविन्द दर्जीलाई बाँया पिंडुलामा, तेहथुम बसन्तपुरका गीता अधिकारीलाई खुट्टामा, इन्द्रपुर-८ का रूद्र दनुवारलाई दाहिने हातमा, बेलावारी-८ का कृष्ण मोयाम्बोलाई दुबै खुट्टामा, बेलावारी-४ का सुवास कँडेललाई दुबै तीघ्रामा, बेलबारी-२ का बब्लु साहलाई दुवै खुट्टामा, मृगौलिया-३ का पुष्कर कोइरालालाई सामान्य चोट र बेलवारीका विद्युत कर्मचारी पुष्पराज भट्टराईलाई सामान्य चोट लागी घाइते भएका छन् ।

घाइतेहरूको उपचारका लागि मानवअधिकारकर्मीको पहलमा धरान वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको थियो । घाइतेमध्ये अधिकांश उपचारपछि फर्केका छन् भने केही उपचारको क्रममा रहेका छन् । चिकित्सकका अनुसार बेलबारीमा गोली लागेका धेरै जना उपचारपछि पनि कमजोर हुने स्थिति रहेको छ । गोलीबाट धेरैलाई गम्भीर चोट लागेका कारण उनीहरूको स्वास्थ्य कमजोर रहने अवस्था देखिएको हो ।

प्रहरी र सेनाको संयुक्त बेसक्याम्प रहेको स्थितिमा जनसाधारणमाथि गोली प्रहार रोक्नका लागि प्रहरी र स्थानीय प्रशासनको भूमिका केही पनि देखिएन । सेनाबाट गोली प्रहार हुन लाग्दा प्रहरी निरीक्षक ज्ञानेन्द्र बस्नेतले रोक्न सक्ने स्थिति थियो तर उनले त्यस्तो गरेनन् । मोरङका प्रमुख जिल्ला अधिकारी नरेन्द्र दाहाल र प्रहरी उपरीक्षक जगतबहादुर विष्टले आफूहरू गोली चलाउनु हुँदैन भन्ने मान्यतामा रहेको भए पनि त्यतिबेला केही गर्न नसेकेको बताए । घटनामा सेनालाईमात्र दोषी देखाउनका लागि सिडियो र एसपीले प्रयास गरेको देखियो ।

**बेलबारीमा बैशाख १४ गते सेनाद्वारा मारिएका सर्वसाधारणः**

| क्र.सं. | मृतकको नाम | ठेगाना |
|---|---|---|
| १. | सपना गुरूङ | बेलबारी-३ |

| क्र.स | मृतकको नाम | ठेगाना |
|---|---|---|
| १. | छत्रबहादुर परियार | इन्द्रपुर -२ |
| २. | फुर्वा लामा | इन्द्रपुर -३ |
| ३. | प्रभुनारायण भट्टराई | इन्द्रपुर -४ |
| ४. | टेकनारायण चौधरी | मृगौलिया-८ |
| ५. | सुनिता ऋषिदेव | बेलबारी -३ |
| ६. | प्रसाद गुरूङ्ग | बेलबारी -२ |

**बेलबारी गोली काण्डका घाइतेको विवरण**

| क्र.सं. | घाइतेको नाम | ठेगाना | गोली लागेको | अवस्था |
|---|---|---|---|---|
| १. | दीपक दाहाल | इन्द्रपुर -७ | पेट | |
| २. | भुन्टे तामाङ | बेलबारी-३ | देव्रे पाता | |
| ३. | गणेशप्रसाद दाहाल | बेलबारी -४ | पिठ्युँ | |

| | | | | |
|---|---|---|---|---|
| ४. | गोपाल गौतम | बेलवारी-४ | गाला र दाँत | |
| ५. | किशनदेव शर्मा | डागीाहाट-२ | घाटी | |
| ६. | कृतन राई | बेलवारी -२ | ढाड | |
| ७. | राम दनुवार | इन्द्रपुर -७ | कोख | |
| ८. | द्रोण श्रेष्ठ | सुन्दरपुर -४ | देब्रे खुट्टा | |
| ९. | प्रकाश कोइराला | बेलवारी -९ | दुबै तिघ्रा | |
| १०. | बद्री आर्चाय | बेलबारी -६ | छाती | |
| ११. | तारा घिमिरे | इन्द्रपुर -८ | चाक र घाटी | |
| १२. | रणबहादुर श्रेष्ठ | सुन्दरपुर -१ | दाहिने तिघ्रा | |
| १३. | सुभाष लिम्बु | केरावारी-९ | देब्रे खुट्टा | |
| १४. | टंकबहादुर गुरूङ्ग | ,, | दुवै खुट्टा | |
| १५. | सन्तोष श्रेष्ठ | बेलवारी -२ | देब्रे पाता | |
| १६. | फिरोज खान | ,, | दाहिने खुट्टा | |
| १७. | किसन रोक्का | बेलबारी -३ | ढाड | |
| १८. | भरत विश्वकर्मा | इन्द्रपुर -६ | ढाड | |
| १९. | टेकबहादुर गौतम | ,, | | |
| २०. | सन्तोष मगर | बेलवारी -१ | चाक | |
| २१. | योगराज राई | बेलबारी -४ | ढाड | |
| २२. | बलराम रिजाल | मृगौलिया-४ | देब्रे हात | |
| २३. | शान्ति लिम्बू | बेलबारी -३ | ढाड | |
| २४. | यामकुमार दाहाल | बेलबारी -४ | ,, | |
| २५. | गोविन्द दर्जी | केरावारी -९ | बायाँ पिँडुला | |
| २६. | गीता अधिकारी | तेह्थुम बसन्तपुर | खुट्टा | |
| २७. | रूद्र दनुवार | इन्द्रपुर -८ | दाँहिने हात | |
| २८. | कृष्ण मोयाम्बो | बेलबारी | दुबै खुट्टामा | |
| २९. | सुवाष कँडेल | बेलवारी -४ | दुबै तिघ्रामा | |
| ३०. | बब्लु साह | बेलबारी -२ | दाहिने खुट्टा | |
| ३१. | सत्यकुमार मंडल | बेलबारी -२ | दुबै खुट्टामा | |
| ३२. | पुष्कर कोइराला | मृगौलिया -३ | सामान्य चोट | |
| ३३. | पुष्पराज भट्टराई | कर्मचारी | सामान्य चोट | |
| ३४. | हेम सागर ढकाल | अमरदह | टाउकोमा छर्रा | |

## सपनाका हत्याबारे विभिन्न व्यक्तिहरूको भनाई

**निर्मला गुरूङ,** मृतक सपना गुरूङकी ७ वर्षीय छोरी

मम्मी रूमाल बुनी रहनु भएको थियो । तीन जना आर्मी अंकलहरू आए र आमाको मुख रूमालले थुनेर घिसार्दै लगेका थियो । आर्मी अंकलहरूले मलाई केही पनि भनेन् फेरी आमा घरमा आउनु भएन ।

**राधा भगत,** सपना बसेको घरकी बुहारी

म र सपना बाहिर खाटमा बसेका थियौं । हामी लगभग ८ :३० बजेसम्म बस्यौ, सपना रूमाल बुनिराखेकी थिइन । साँढे बजेपछि म टी.भी हेर्न घरभित्र पसे । सपना कतिबेरसम्म त्यहाँ बसी मलाई थाहा भएन । अचानक ९ बजे गोली पड्केको आवाज सुने । बेलवारीमा गोली चलिराख्छ, निस्कने कुरै भएन । म टी.भी. हेर्न जानुभन्दा पहिला नै छली (काम गर्ने केटी) लाई सपनाले बस्न आईज भन्दा मलाई निन्द्रा लागेको छ भनेर सुत्न गई । राती ११ बजे आर्मीले सपनालाई गोली हानेको घटनाबारे जानकारी दिन आउँदा मात्र मलाई घटना बारे थाहा भयो । त्यतिबेला सपनाको छोरी निर्मला र काम गर्ने केटी सुति राखेको थिए ।

**उषा चौधरी**, स्थानीय जानकी भगतकी छोरी

सपना र हामी साढे ८ बजेसम्म बाहिरै थियौं । त्यतिखेर लाइन आएको थिएन । ९ बजे लाइन आएपछि हामी माथि टिभी हेर्न गयौं । सपना बाहिर रूमाल बुन्दै थिइन । राति ९ बजे गोली चल्यो । सर्तक हुन जानकारी दिएको हो कि भनेर हामीले टीभी, बत्ती बन्द गरी बस्यौं । राति ११ बजेतिर सेना आयो र सपनालाई गोली लागेको छ तर त्यस्तो केही पनि भएको छैन भने । सपना घरबाट बाहिर निस्कनै पर्ने केही कारण थिएन किनभने ट्वाइलेट घरभित्र छ । भोलिपल्ट सपनाको एउटा चप्पल घटनास्थल नजिक र अर्को चप्पल घरमा भेटिएको थियो । त्यस कारण सेनाले उसलाई बलात्कार गरेर मारेको देखिन्छ ।

**शोभा गुरूङ**, सपनाकी आमा, बेलबारी-३

छोरीलाई मैले नै केराबारीबाट लिएर आएको हुँ । चार वर्षअघि रोजगारीका लागि मलेशिया गएका कारण मैले उसलाई बेलबारीमा ल्याएर नजिकै राखेको थिएँ । उसले यहाँ सानो व्यापार पनि गरेकी थिई ।

हामी यहीं बस्थ्यौं, खाना एकै ठाँउमा खान्थ्यौ, सुत्नमात्र छोरी र नातिनी यहाँ साँगुरो भएकाले उता जान्थे । बैशाख १३ गते राति गोली पड्केको आवाज मैले सुनें । बाहिर निस्किन डर लाग्यो । गोली चलेको केही समयपछि थानाका असई रामबहादुर तामाङ आएर मलाई ढोका खोल्न भने । मैले ढोका खोलेपछि मेरो छोरी सेनाको गोलीबाट घाइते भएर उपचारका लागि धरान लगेको कुरा गरे । त्यसपछि मैले मलाई धरान लग्नु पर्छ भनेपछि राति नै गाडीको व्यवस्था गरियो । म र अरू परिवारका मान्छे राति नै धरान पुग्यौं तर मलाई त्यहाँ छोरीको मुख हेर्न दिइएन । मैले खप्न नसकेपछि सलले मर्नका लागि घाँटी कसे, नर्सहरूले सल खुस्काएको थाहा छ । मलाई छोरीको मुख हेर्न नदिई धरानबाट फर्काइयो । मैले एकैचाटी १५ गते बैशाख छोरी लास हेर्नु पऱ्यो । छोरीलाई सेनाले बलात्कार गरेर नमारेको भए मलाई धरानमा भेट गर्न दिन किन हिच्किचाउँथें ।

**हर्क गुरूङ**, सपनाका मामा तथा स्थानीय शिक्षक

घटना भएको भोलिपल्ट हामी लगायत यहाँका नागरिक समाज साथीहरूले घटना स्थल वरपरको स्थितिको अवलोकन गऱ्यौं । मेरो भान्जी सपना गुरूङलाई सेनाले घरबाट अपहरण गरेर खोला छेउमा लगेको देखियो । घटनासथलमा भोलिपल्ट भेटिएका तथ्यले सपनालाई शुरूमा सेनाले अपहरण गरेर लगेको, त्यसपछि जर्वजस्ती बलात्कार गरेको, बीर्य पखाल्नका लागि प्रमोद साहको घरबाट पानी लगेको र केही नलागेपछि पोल खुल्ने डरका कारण प्रमाण नष्ट गर्नका लागि सुतेको अवस्था गोली हानेको देखिन्छ । सेनाको यस प्रकारको ज्यादतीको विरोधमा हामीले सामान्य अदालतमा मुद्दा दर्ता गर्न पाउनु पर्छ । र यस घटनाको निष्पक्ष छानविन गरेर दोषीलाई कारवाही गरिनु आवश्यक छ । यही नै हाम्रो परिवारको माग पनि हो ।

**प्रमोद शाह**, स्थानीयवासी

म कामबाट फर्किदा अलि ढिलो भयो । जब म घर नजिक आई पुगे त्यतिबेला एक सैनिक हतियारसहित मेरो घरमा आएर मेरो दाहिने पाखुरामा समाती एक लोटा पानी मागेर लगे । म डराँए । हामी सुत्यौं र मलाई सपनाको घटना बारे बिहान मात्र थाहा भयो । मेरो घरवाट लगेको लोटा सपनाको लडेको स्थान नजिक थिए । मलाई केही पनि भनेन् ।

**अनिल श्रेष्ठ**, सपनाका मित दाजु

मैले सपना लडेको स्थानमा गएर भोलिपल्ट हेर्दा घटनास्थलमा सपनाको एउटा चप्पल घरभन्दा अलिक टाढा थियो । त्यहाँ हरियो घाँस भएको कारण घाँस माडिएको थियो । उसले लगाएको चुरा पनि फुटेको थियो । शाहको घरबाट पानी ल्याएको लोटा पनि त्यहीं लडेको थियो । मैले सपनाको लास हेर्दा सपनाको शरीरको पछाडिको भागमा हिलो लागेको थियो । गोली लागेपछि मात्र मान्छे लडेको भए उसको शरीरको विभिन्न भागमा माटो कसरी लाग्यो ? र गोली लागेको ठाँउमा रातो सलले बाँधिएको थियो । र दाहिने नाडीमा काटेको थियो । मृतक सपनाको लासपछि हेर्दा बाँया घुडा पिल्सिएको र अस्वभाविक रूपमा योनी सुनिएको थियो । उसको घुँडामा चोट लागेको थियो र नाडीमा पनि छाला कोत्रिएको थियो । मलाई के लाग्छ भने उसलाई बलात्कारको लागि जर्वजस्ती गरेरै मारिएको हुनु पर्छ ।

**इन्द्र गजमेर**, सपनालाई बेलबारीदेखि धरान पुऱ्याउने सवारी चालक

म १२ गते करिब ९:४५ बजे सुत्ने तरखर गर्दै थिएँ । ठीक त्यही बेला बेलबारी ठानाका असई र अन्य २/३ जना आर्मीहरू आएर तपाईंले २४ घण्टे क्लिनिकमा राखेको एउटा सिकिस्त बिरामीलाई धरान अस्पताल लगी दिनु पर्‍यो भनी बोलाए र म गाडी लिएर गएँ । सो गाडीमा असई, दुई जना आर्मी र म सपनालाई लिएर बेलबारीबाट घरानतर्फ लाग्यौ । धरान जाने क्रममा सेनाले एउटाले गर्दा हामी सबैले दुःख पाउने भयौं भनेको सुने ।

**बेलबारी गोली काण्डबारे विभिन्न व्यक्तिको कथन**

सेनाको गोलीबाट मारिएकी १५ वर्षीय सुनिता ऋषिदेवकी आमा

सपना गुरूङको हत्याको घटनालाई लिएर बिहानदेखि हल्ला भइराखेको थियो । मैले सुनितालाई आज केही गडबढ हुन्छ नजानु भनेको थिएँ । घरमै बस्नु भनेको थिएँ । नुहाई धुवाई गरी कपडा कपडा सुकाएर सुनिता सडकतिर निक्लिई । एकछिन पछि त गोली चल्न थाल्यो । उ त्यहीं ढलीछ ।

**तारा घिमिरे**, स्थानीय प्रत्यक्षदर्शी, बेलबारी

त्यो दिन बिहानै माइकिङ गरेर एक जना निर्दोष महिलालाई सेनाले जर्वजस्ती बलात्कार गरी हत्या गरेकोले जनता उठ्नु पर्छ भनिएको थियो । महिलाप्रति सुरक्षा प्रदान गर्नु पर्ने निकायले नै जर्वजस्ती गर्छ भने हाम्रो सुरक्षा कसले गर्ने भन्दै हामी सबैले बेलवारी गयौं । बैशाख १४ गते ११ बजेसम्म त्यँहा धेरै नै भीड भएको थियो । हामीले पनि अपराधीलाई निकाल्नु पर्छ, हत्यारा हाम्रोसामु आउनुपर्छ भन्दै चर्का चर्की गरिएको हो । तर त्यसमा माओवादी भने थिएनन् ।

दिउँसो साँढे दुई बजे विना चेतावनी नै सेनाले जथाभावी गोली हान्न थाले । हामी नभागेको भए त सबैलाई मार्ने थियो होला । धेरै जसो त गोली चल्ने बितिकै सुतिदिए । जुलुसमा लगभग दश हजार मानिस थिए । मैले प्रत्यक्ष देखेको छु कि सेनाले लाठी चार्ज गरेको र अरू खाले बल प्रयोग गरेको भए भीड तितरबितर हुने थियो । सेनाले बेलबारीमा सार्‍है ज्यादती गरेकोले दोषीहरूलाई कडाभन्दा कडा सजाय हुनु पर्छ ।

**अबीन्द्रकुमार सिन्हा,** सहायक निर्देशक,
वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, घरान

सपना गुरूङको बलात्कार सम्बन्धी केस मेडिको लिगल केस हो र अहिले हामीले केही पनि भन्न मिल्दैन । हामीले टेस्टको लागि काठमाडौंस्थित रोनास्टमा पठाएका छौं । अहिले हामीले पनि अनुमान गर्न सक्ने अवस्था छैन् । हामीले प्रारम्भिक रूपमा सपनाको मृत्यु गोली लागेर भएको हो भनेका छौं । अरू हामीपछि प्रतिवेदन आएपछिमात्र आधिकारिक रूपमा भन्न सक्छौं । तर यो प्रहरीलाई मात्र दिइन्छ । परिवारवालालाई पनि दिइन्न । तर मेडिकलको लिगल केस हेर्ने संस्थाको अधिकारिक पत्र लिएर आउनु भयो भने हामी उपलब्ध गराउन सक्छौं ।

**द्रोण श्रेष्ठ,** बेलबारी गोलीकाण्डका घाइते

घरमा बसिरहेको थिए । मानवअधिकारकर्मी घाइते भएको सुनी उपचारको लागि क्लिनिक आएको थिए । इन्सेकका वर्ष पुस्तक प्रतिनिधि दीपेन नेउपानेलाई  पिटिएको रहेछ । चोट लागेको थियो । उहाँलाई टी.टी. को सुई दिएर एक छिनको लागि बाहिर निस्केको मात्र थिए, एक्कारी गोली चल्यो, गोली चल्यो, साइटमा जान लाग्दा गोली खुट्टामा लागेपछि म सोही स्थानमा ढल्न पुगे । गोली एक नासले चलिरहेको थियो, उठ्न खोजे तर उठ्न सकिन, बल गरेर उठें तर फेरी ढलें । केही क्षणपछि जवरजस्ती गरेर क्लिनिकसम्म पुगे । गोली चलाउनुअघि सेनाले कुनै पनि चेतावनी दिएको थिएन ।

**बद्री आचार्य,** बेलबारी गोली काण्डका घाइते

इटहरी जानका लागि घरबाट बाहिर आएको थिएँ, बाटो बन्द थियो । त्यसैले हिंडदै आए । बेलबारीमा आएर सुविधा मेडिकल हलमा दवाई लिन पसें । दबाई लिरहेको थिएँ, मानिसहरू जम्मा भइरहेका थिए । त्यस भीडमा करिब २ बजेर ४० मिनेटको समयमा गोली चलेको आवाज आयो । म भाग्न भनी नदी तिर लागें, गोली पछाडीबाट लागेर छातीभन्दा केही माथिबाट निस्क्यो । म त्यहीं ढलें र बेहोस भए । मलाई वी.पी. स्वास्थ्य विज्ञान प्रतिष्ठान ल्याएर उपचार गरिएको छ ।

**हेमसागर ढकाल,** बेलबारी काण्डका घाइते

बेलबारीमा बैशाख १२ गते सेनाले सपना गुरूङको हत्या गरेको विरोधमा भोलिपल्ट करिब दश हजार मानिस भेला भएका थिए । मानिस उत्तेजित थिए । इलाका प्रहरी कार्यलयको छेउमा रहेका करिब सयभन्दा बढी केटाहरूले केही चर्का नारा लगाएका थिए । केही क्षणपछि सेनाले बंकर बन्द गर्‍यो । करिब २.३० बजे विना चेतावनी सेनाले गाली चलाए । बैंकमाथिका सेनाले पनि गोली चलाउन थाले र मानिसहरू गोली लागि ढल्न थाले । मलाई पनि सोही समयमा गोलीको छर्राले लागेको हो । अहिले म टाँका लगाएर औषधी खाइरहेको छु ।

**नरेन्द्र दाहाल**, प्रमुख जिल्ला अधिकारी, मोरङ

म प्रत्यक्ष रूपमा त्यहाँ उपस्थित हुन सकिन । तर मलाई टेलिफोनद्वारा लगातार विवरण प्राप्त भइराखेको थियो । यो  गम्भीर घटना थियो तर जुलुसमाथि गोली नै चलाउनु पर्छ भन्ने कुरा मैले अनुमान नै गरिन ।

टेलिफोनमा पनि मलाईभन्दा पनि अहिले त जुलुस नियन्त्रणमा नै छ भन्थे अहिले अब अलिक उत्तेजित भएको छ भन्थे । त्यस दिन म त्यहाँ पुग्न सकिन । मैले त्यहाँ गोली चलाउ या नचलाउ भनेर आदेश दिएको थिइन । मैले त सकभर बल प्रयोग नगरिकन भीडलाई नियन्त्रणमा लिनुपर्छ भन्ने ठानेका थिएँ । मैले यहाँबाट मृतकको परिवारलाई दश हजार किरिया खर्चको लागि पठाएको थिएँ तर पाँच परिवारले बुझे र दुई परिवारले बुझेको छैन ।

**जगतबहादुर बिष्ट**, प्रहरी उपरीक्षक, मोरङ

म पनि सिडियो सरसँगै थिएँ । हाम्रा केटाहरूले गोली हानी हाल्लान भन्ने कुरा मलाई पनि लागेको थिएन, तर बेला बेलामा भीड उत्तेजित भएको छ भनिएको थियो । म आफैं पनि त्यहाँ प्रत्यक्ष रूपमा उपस्थित नभएका कारण धेरै क्षति भएको हो । गोली हान्न कसले आदेश दियो वा दिएन भन्ने सन्दर्भमा म के भन्न चाहान्छु भने कुनै पनि सुरक्षाकर्मीले अवस्था हेरेर गोली चलाउन सक्छ ।

**निचोड तथा सिफारिश**

प्राप्त तथ्यहरूका आधारमा बेलबारीमा सेनाले बलात्कारको नियतले सपना गुरूङलाई कब्जामा लिई हत्या गरेको पाइयो । सपना गुरूङको हत्या र सो हत्यामा संलग्न बेलबारी संयुक्त सुरक्षा बेसक्याम्पका विरूद्ध प्रदर्शनमा उत्रिएका जनसमुदायमाथि अग्रिम चेतावनी विना र प्रदर्शन नियन्त्रण गर्ने वैकल्पिक उपाय नअपनाई सेनाका सहसेनानी प्रल्हाद थापा मगरको नेतृत्वमा रहेको सेनाले अन्धाधुन्ध गोली प्रहार गरेको पाइयो । सेनाको गोलीबाट ६ जना मारिए । ३४ जना घाइते भए ।

घटनामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी कानुनको उल्लंघन भएको पाइयो । यस घटनामा मानवअधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभुत गरेको मानिसको बाँच्न पाउने अधिकारको पूर्ण रूपमा उल्लंघन भएको छ । मुलुकी ऐनको ज्यान सम्बन्धी महल विपरितको कार्य भएको छ ।

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति घटनामा संलग्न भएका सह-सेनानी प्रल्हाद थापा मगर, प्रहरी निरीक्षक ज्ञानेन्द्र बस्नेत समेतका सम्पुर्ण दोषीहरुलाई कानुन बमोजिम कारवाही गर्न सरकारसंग माग गर्दछ । साथै सपना र अरू जनसाधारणको हत्यामा संग्लन सैनिक जवान, बेलबारी काण्डमा मुकदर्शक बनेका मोरङ जिल्ला प्रशासन कार्यालयका प्रमुख नरेन्द्र दाहाल, प्रहरी उपरीक्षक जगतबहादुर बस्नेत र सेनाको इटहरी पृतनाका पृतनापति ओम पुन समेतलाई तत्काल निलम्बन गरी सैनिक ऐन २०१६ दफा ६१ को प्रावधान अनुसार सामान्य अदालतमा दोषी उपर मुद्दा चलाइनु पर्छ ।

घटनाको निष्पक्ष छानविन गर्नका लागि कानुन व्यावसायी र मानवअधिकारकर्मी सम्मिलित उच्चस्तरीय छानविन आयोग गठन गरी सो समितिको प्रतिवेदनका आधारमा दोषीलाई कारवाही गरी घाइते तथा पीडितका परिवारहरुलाई क्षतिपूर्तिको अविलम्ब व्यवस्था गरिनु पर्दछ ।

## अनुसूची २

### स्थानीय नागरिक समाज, राजनीतिक दल र मानवअधिकारकर्मी घटनाका बारेमा जारी गरेका कागजातहरू